## निर्णयहरु

### निर्णय नं.१

विगतमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले गरेका निर्णयहरुको विश्लेषण एवं समिक्षा गरियो ।

### निर्णय नं.२

मिति २०८० असोज १६ गते दिउँसो २:४१ र ३:०६ बजेको समयमा आएको भूकम्पबाट हालसम्म १ जनाको मृत्यु (गुनमती धामी), २० जना घाईते (५ जनालाई थप उपचारको लागि धनगढी रिफर गरिएको, १३ जना उपचार पश्चात डिस्चार्ज र २ जना उपचाररत) भएका र नीजि आवास ३१५ घर, सरकारी भवन २१ गरी जम्मा ३३६ वटा संरचनाहरु आंशिक/पूर्ण क्षति साथै जयपृथ्वी राजमार्ग, चैनपुर ताक्लाकोट सडक खण्ड, तमैल थामलेक र भाडे-जयपृथ्वीनगर सडक खण्डहरुका केहि भागहरु चर्केको र सडक अवरुद्ध भएको पाइयो र हाल मेसिन प्रयोग गरी सडक खुलाईएको छ ।

### निर्णय नं.३

मिति २०८० असोज १६ गते दिउँसो २:४१ र ३:०६ बजेको समयमा आएको भूकम्पले गरेको क्षतिको विवरण संकलन तथा अद्यावधिक गर्ने सम्बन्धमा देहाय बमोजिमको जिल्लास्तरिय तथ्याङ्क संकलन तथा अद्यावधिक टिम गठन गरियो ।

**देहाय**

१) श्री नन्द बहादुर धामी, विपद् सम्पर्क व्यक्ति, जिल्ला विपद् व्यवस्थापन समिति बझाङ

२) श्री विजय स्नेही, प्र.ना.नि., जिल्ला प्रहरी कार्यालय बझाङ

३) श्री विपद् सम्पर्क व्यक्ति, स्वास्थ्य कार्यालय बझाङ

४) श्री तेज बहादुर सिंह, क.अ., जयपृथ्वी नगरपालिकाको कार्यालय बझाङ

५) श्री श्याम नेपाली, प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी बझाङ

६) श्री दिल बहादुर थापा, प्र.ह., जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र बझाङ

### निर्णय नं.४

मिति २०८० असोज १६ गते दिउँसो २:४१ र ३:०६ बजेको समयमा आएको भूकम्पले यस जिल्लामा भएको क्षतिको विवरण संकलन कार्य जारी नै रहेको हुँदा हालसम्मको क्षतिको आंकलन/अनुमान गर्दा देहाय बमोजिमका खोजउद्दार, पुनर्स्थापना तथा राहतको सामग्री आवश्यक पर्ने देखिएको हुँदा उक्त सामग्रीहरु उपलब्ध गराई दिन गृह मन्त्रालय, NDRRMA, आन्तरिक मामिला तथा कानून मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली लगायत विपद् सम्बद्ध निकायहरुलाई अनुरोध गर्ने ।

**देहाय**

| सि.नं. | खोजउद्दार, पुनर्स्थापना तथा राहत सामग्री | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | टेण्ट (चाईनिज) | ५००० थान | |
| २ | त्रिपाल | १०००० थान | |
| ३ | कम्बल | २०००० थान | |

| | | | |
|---|---|---|---|
| ४ | खाद्यान्न (चामल, दाल) | २५०० क्वीण्टल | |
| ५ | तेल | १००० कार्टुन | |
| ६ | चाउचाउ/चिउरा | ५००० कार्टुन | |
| ७ | मेट्रेस/पि-फोर्म | ५० रोल | |
| ८ | साबुन सहितको प्राथमिक उपचार बक्स | ३००० पिस | |

माग गरिएको सामग्री प्राप्त भएपछि स्थानीय तहमा हस्तान्तरण गरिने र स्थानीय तहको संयन्त्रले प्याकेजिङ गरी पिडित परिवारलाई हस्तान्तरण गर्ने साथै प्राप्त राहतको वितरण एकद्वार प्रणालीबाट गर्ने । विभिन्न संघसंस्थाहरुबाट प्राप्त भएको राहतलाई जिल्ला प्रशासन कर्यालयमा हस्तान्तरण गरेपछि जिल्ला प्रशासन कार्यालयबाट सो को अभिलेख राखी राहत आवश्यक भएको र प्राप्त गरि नसकेका पिडितको पहिचान गरी समानुपातिक रुपमा वितरण गर्नेगरी सम्बन्धित पालिका प्रमुखहरुलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.५**

मिति २०८० असोज १६ गते दिउँसो २:४१ र ३:०६ बजेको समयमा आएको भूकम्पले क्षतिग्रस्त भएका संरचनाको पुनर्निर्माणको सम्बन्धमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार, काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

मिति २०८० असोज १६ गते दिउँसो २:४१ र ३:०६ बजेको समयमा आएको भूकम्पले यस जिल्लामा भएको क्षतिको विवरण संकलन कार्य जारी नै रहेको हुँदा हालसम्मको क्षतिको आंकलन/अनुमान गर्दा हाललाई करिब ७० लाख तत्काल राहत रकम आवश्यक देखिएको साथै तत्कालै राहत रकम वितरण गर्नु पर्ने भएकोले उक्त राहत रकम निकासाको लागि गृह मन्त्रालय सिंहदरवार, काठमाण्डौं र आन्तरिक मामिला तथा कानून मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी, कैलालीमा अनुरोध गर्ने ।

**निर्णय नं.७**

मिति २०८० असोज १६ गते दिउँसो २:४१ र ३:०६ बजेको समयमा आएको भूकम्पका पराकम्पनहरु आइरहेको हुँदा मिति २०८०।०६।१७, १८ र १९ गते तीन दिन जिल्लाभरीका सम्पूर्ण विद्यालयहरु बन्द गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

विभिन्न मिति, स्थान र समयमा जिल्लामा घटेका विपद्का घटनाहरुबाट पिडित देहायका व्यक्ति/निकायहरुले आवश्यक राहतको लागि विभिन्न मितिमा यस कार्यालयमा निवेदन पेश गरेको पाइयो ।

**देहाय**

| सि.नं. | निवेदकको नामथर | ठेगाना | विपद्को किसिम | क्षति | कैफियत |
|---|---|---|---|---|---|
| १ | पार्वती देवी सिंह | तलकोट ५ बझाङ | आगलागी | हाते होजियारी उद्योग | राहत |
| २ | सुरेन्द्र बहादुर सिंह | तलकोट ५ बझाङ | आगलागि | घरक्षति | राहत |
| ३ | उत्तम कुमार चदारा | तलकोट ३ बझाङ | आगलागि | कम्प्युटर पसल | राहत |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | विशाल बुढा | तलकोट ४ बझाङ | आगलागि | मोवाइल ग्यालरी | राहत |
| ५ | काली गुरुङ्ग | साइपाल ३ बझाङ | आगलागि | होटल पसल | राहत |
| ६ | अनिष रसाइली | जयपृथ्वी १० बझाङ | आगलागि | सुनचाँदी पसल | राहत |
| ७ | अन्जली शाह (सिंह) | तलकोट ५ बझाङ | आगलागि | कस्मेटिक पसल | राहत |
| ८ | धनलाल धामी | तलकोट ७ बझाङ | पहिरो | घरक्षति/उच्च जोखिम | राहत |
| ९ | धने सिंह | खसडछान्ना ५ बझाङ | पहिरो | घरक्षति/उच्च जोखिम | राहत |
| १० | जनकराज जोशी | छबिसपाथिभेरा १ बझाङ | अविरल वर्षा | बाँझो घर क्षति | राहत |
| ११ | डबल खड्का | जयपृथ्वी १ बझाङ | आगलागि | कपडा पसल क्षति | राहत |
| १२ | हरिकृष्ण जोशी | जयपृथ्वी २ बझाङ | अविरल वर्षा | घरक्षति | राहत |
| १३ | असभान रोकाया | साइपाल ४ बझाङ | पहिरो | घरक्षति | राहत |
| १४ | लोकेश राज जोशी | जयपृथ्वी ११ बझाङ | आगलागि | घरक्षति | राहत |
| १५ | गजेन्द्र बहादुर विष्ट | वित्थडचिर ६ बझाङ | अविरल वर्षा | घरक्षति | राहत |
| १६ | फुंगे ओखेडा | बुङ्गल ९ बझाङ | पहिरो | घरक्षति | राहत |
| १७ | जयमती देवी आउजी | जयपृथ्वी ११ बझाङ | अविरल वर्षा | घरक्षति | राहत |

सो सम्बन्धमा प्राप्त निवेदनको सम्बन्धमा निवेदनसाथ संलग्न कागजातहरुको अध्ययन गरी पूर्णरुपमा क्षति भएकाहरुको हकमा विपद् पिडित उद्धार तथा राहत सम्बन्धि (सातौं संशोधन) मापदण्ड, २०७७ बमोजिम आवश्यक राहत उपलब्ध गराउने र अन्यको हकमा आवश्यक सहयोगको लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.९**

मिति २०८० असोज १६ गते दिउँसो २:४१ र ३:०६ बजेको समयमा आएको भूकम्पका कारण जयपृथ्वी राजमार्ग लगायत अन्य सहायक राजमार्गहरुका विभिन्न स्थानहरुमा सुख्खा पहिरोले राजमार्ग अवरुद्ध हुन गएको हुँदा अवरुद्ध भएका राजमार्ग तथा सहायक राजमार्ग तत्कालै सुचारु गर्न सम्बन्धित निकायलाई लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१०**

भुकम्पको कारणले क्षतिग्रस्त भएका सरकारी कार्यालयहरुले आ-आफ्नो भवन पुनर्निर्माणको लागि आ-आफ्नो तालुक कार्यालयमा लेखी पठाउने निर्णय गरियो ।

CamScanner